# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal


चलानी नं.:/Ref. No. २०७९/०८०

मिति : २०७९/०९/२१

## पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्तिको School Type–Others का व्यवस्थापन संकाय र विज्ञान तथा प्रविधि संकाय समूह-ख का उम्मेदवारहरुलाई अनुसूचि-४ (Program and College Choice गर्ने) को अनलाईन फाराम भर्ने सम्बन्धि सूचना

पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति व्यवस्थापन संकाय र विज्ञान तथा प्रविधि संकाय समूह-ख को मिति २०७९/०७/२३ गते प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका उम्मेदवारहरु मध्ये School Type–**Others** का उम्मेदवारहरुले मात्र तपशिल बमोजिम हुनेगरी मिति २०७९/०९/२२ गतेदेखि मिति २०७९/०९/२८ गतेसम्म आफुले अध्ययन गर्ने शैक्षिक संस्था र शैक्षिक कार्यक्रमहरुको विवरण पो.वि.छात्रवृत्ति नियमावली, २०६५ को **अनुसूचि-(४) सँग** सम्बन्धित अनलाईन फाराममा भर्नुहुन समेत जानकारी गराईन्छ ।

**यस सम्बन्धमा निम्न विषयहरु स्पष्ट पारिएको छ :**

क) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका सम्बन्धित उम्मेदवारहरुले अनलाइन मार्फत अनुसूचि फाराम भर्दा आफ्नो नाम समावेश भएको संकायबाट बढीमा ३ वटासम्म प्राथमिकताको आधारमा शैक्षिक कार्यक्रम छनौंट गर्न सकिनेछ । साथै १ वटा शैक्षिक कार्यक्रमको लागी बढीमा ३ वटासम्म प्राथमिकताको आधारमा शैक्षिक संस्था पनि छनौंट गर्न सकिनेछ । उम्मेदवारहरुले शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौंट गर्दा दिएको **(सूचनामा संलग्न रहेको)** शैक्षिक कार्यक्रम र शैक्षिक संस्थाको विवरण हेरी छनौंट गर्नुपर्नेछ । एकपटक छनौंट गरेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रमलाई पुनः सच्चाउन पाईनेछैन ।

ख) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** को School Type–**Others** मा समावेश भएका उम्मेदवारहरुले अध्ययन गर्ने शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौंट गर्न अनुसूचि-४ को अनलाईन फाराममा विवरण भर्नुपर्नेछ । उक्त विवरण भर्न उम्मेदवारहरुले आफ्नो Dashboard मा रहेको **Anusuchi Application** मा गएर विवरण भर्नुपर्नेछ । **Anusuchi Application** मा गएर विवरण भर्नु भन्दा पहिले **Entrance Exam** मा भएको रोल नम्बरलाई **Copy** गरेर **Anusuchi Application** मा लगेर **Paste** गर्नुपर्ने छ ।

ग) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका उम्मेदवारहरुले पेश गरेको कागजातहरु कुनैपनि समय छानविनको क्रममा झुट्टा भएको प्रमाणित भएमा त्यस्ता उम्मेदवारहरुलाई जुनसुकैबेला पनि छात्रवृत्तिबाट हटाइनेछ ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातकतह छात्रवृत्ति छनौंट समिति, २०७९